असल संस्कार र समृद्धिका लागि एनएमसी

# नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

## NMC-COOP

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा

# मकै (दाना) खरिद सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति : २०८३.२.५

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. (NMC-COOP) द्वारा सञ्चालित एनएमसी एग्रोमा पालिएका गाईलाई खुवाउन दाना उत्पादन प्रयोजनार्थ करिब एक लाख केजी (१०० टन) मकैको दाना आवश्यक भएको हुँदा तपसिलका बुँदामा रही इच्छुक कृषक/फर्म/उत्पादक कम्पनी/सप्लायर्स/सहकारीहरुले मिति २०८३ जेठ १२ गते मंगलबारभित्र उल्लिखित कागजातसहित संस्थाको एग्रो फार्मको कार्यालयमा निवेदन पेस गर्न सूचना आह्वान गरिन्छ। रीत नपुगेका र म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु दर्ता गरिने छैन।

बुँदाहरु :

१. किसान वा सप्लायर्सले निवेदन पेस गर्दा उपलब्ध गराउन सक्ने तौल, ढुवानीको शर्त र उपलब्ध गराउने अवधि समेत उल्लेख गर्नु पर्नेछ। जस्तै : जेठ दोस्रो हप्ता वा जेठ मसान्त।

२. किसान वा सप्लायर्सले प्रति केजी वा प्रति क्विन्टल मकैको मूल्य (दर भाऊ) पेस गर्नु पर्नेछ।

३. मकैको दानाको चिस्यान (Moisture %) बढीमा १५ प्रतिशत तथा मकैको दाना गुणस्तरिय हुनु पर्नेछ।

४. तोकिएको समयसिमाभित्र निवेदन पेस गर्ने किसान वा सप्लायर्ससँग सम्झौता गरी खरिद प्रक्रिया अगाडि बढाइनेछ। न्यनतम दर भाऊ पेस गर्ने किसान वा सप्लायर्सलाई प्राथमिकता दिइनेछ।

५. निवेदन एनएमसी एग्रो फार्मको कार्यालय, मेचीनगर-१४, दुवागढीको कार्यालय वा इमेल ठेगाना agrofarmheadoffice@nmc.coop.np वा ह्वाट्सअप नम्बर ९८५२६८९४१५/९८४२६३३६२५ मा निवेदन पेस गर्न सकिनेछ।

६. निवेदन पेस गर्दा फर्म/उत्पादक कम्पनी/सप्लायर्स/सहकारी संस्थाको हकमा दर्ता प्रमाण पत्र, आ.व. २०८१।८२ को करचुक्ता प्रमाणपत्र, नवीकरणका कागजातहरुको प्रतिलिपि र व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि अनिवार्य पेस गर्नु पर्नेछ।

थप जानकारीका लागि : ९८५२६८९४१५/९८५२६८९४००

- एनएमसी एग्रो फार्म
मेचोनगर-१४, दुहागढी

NMC AGRO FARM